

# २ उत्कृष्ट संसारको निम्ति नक्सा वा योजना

*__यस अध्यायका मूल पदहरू:__* प्रस्थान ३:७, मत्ती २२:३७-४०, प्रस्थान २२:२१-२३, व्यवस्थन १४:२२-२९, २६:१-११ र लेबी २५:९-२३।

*__यस अध्यायको मूल सार पद:__* **"तिम्रा जनहरूका सन्तानहरूको बिरुद्धमा रिसइबी नराख्नु। तिनीहरूप्रति बदला वा प्रतिशोधको भावनाले ग्रस्त नहुनु। तर आफ्नो छिमेकीलाई आफैलाई जस्तो गरेर प्रेम गर्नु किनभने म परमप्रभु हुँ।" (लेवीहरू १९:१८ रूपान्तरित)।**

मानिसहरूसँग आफ्नो विशेष सम्बन्ध निरन्तररूपमा चालु राख्ने परमेश्वरको चाहना थियो। त्यो चाहना पूरा गर्न दयालु परमेश्वरले युगौं युगसम्म उहाँलाई श्रद्धा गर्ने मानिसहरू खडा गर्नुभएको थियो। हनोक, नोहा, अब्राहम, इसहाक र याकूब तथा अरू धेरै जनहरूको जीवन कहानी अनुसार मानिसहरूको बीचमा आफ्नो टुटेको सम्बन्ध पुन गाँस्ने तिब्र चाहना परमेश्वरले गर्नुभएको हामी देख्छौं। तर त्यो सम्बन्ध केवल केही ती व्यक्ति र परिवारहरू वा जातिको फाइदाको निम्तिमात्र परमेश्वरले सिमित राख्न चाहनुभएको थिएन। जब तिनीहरू परमेश्वरसँग सम्पर्कमा रहे र तिनीहरूलाई उहाँले आशिष दिनुभयो त्यो केवल समस्त मानव जातिसँग टुटिएको सम्बन्ध गाँस्ने परमेश्वरको वृहत योजनाको नमूनामात्रै थियो। तिनीहरूले पाएको आशिष सबैले पाउन् र आफूबाट टाढा भएको सम्बन्ध फेरि गाँसुन् भन्ने परमेश्वरको चाहना थियो। साथै ती परमेश्वरका जनहरूले पाएका आशिषहरू आफूहरूमामात्र नराखि समस्त मानव प्राणीलाई बाँडुन् भन्ने उहाँले चाहनुभएको थियो। यस सन्दर्भमा परमेश्वरले अब्राहमसँग गर्नुभएको वाचामा विशेष ध्यान दिनु जरुरी छः "२ “म तिमीबाट एउटा ठूलो जाति अर्थात् राष्ट्र खड़ा गर्नेछु, र म तिमीलाई आशिष् दिनेछु। मैले तिम्रो नाउँलाई प्रसिद्ध गराउनेछु। तिमी

सबैको निम्ति आशिष हुनेछौ। तिमीलाई आशिष् दिनेहरूलाई म आशिष् दिनेछु, र तिमीलाई सराप दिनेहरूलाई सराप दिनेछु। तिमीद्वारा नै पृथ्वीका सबै मानिसहरूले आशिष् पाउनेछन् अर्थात् तिमी नै सबैको निम्ति आशिषको स्रोत हुनेछौ।" (उत्पत्ति १२:२,३ रूपान्तरित)। जसरी परमेश्वरले आशिष वा कृपाहरू अब्राहमलाई दिनुभयो त्यसरी नै ती आशिष र कृपाहरू अरूलाई बाँड्ने जिम्मेवारी उनलाई दिइएको थियो। पछि गएर परमेश्वरका आशिषहरू इस्रायली जाति वा राष्ट्रबाट पाउनुपर्ने थियो। अन्तमा आएर त्यस जाति वा राष्ट्रको निम्ति मसीह वा उद्धारकर्ता आउनुहुनेथियो। इस्राएली जातिको सृजना गरेर परमेश्वरले सारा राष्ट्रको बीचमा काम गरिरहनुभएको थियो। तिनीहरूलाई विभिन्न विधिविधान, दश आज्ञाहरू, नीतिनियम अर्थात् ऐनकानुन, धार्मिक विधि, पर्व र व्यवहारमा लागु हुने गरेर उचित जीवनशैली बिताउने नीतिहरूको तर्जुमा परमेश्वरले गर्नुभएको थियो। जब परमेश्वरको मार्गमा हिँडेर तिनीहरूले आशिष पाउँथे अनि तिनीहरू अरूको निम्ति आशिष हुन सक्षम् हुन्थे।

त्यो आदर्श नीति आज पनि लागु भइरहेको छ भन्ने कुरामा कुनै शङ्का छैन।

## १. पुकार सुन्नुहुने परमेश्वर

**"मिश्र देश अर्थात् इजिप्टमा भएका मेरा जनहरूको दयनीय अबस्था मैले देखेको छु। तिनीहरू दास भएका कारण तिनीहरू दासका हाकिमहरूका थिचोमिचोमा परेका छन्। त्यो थिचोमिचोको कारण तिनीहरूले गरेको रुवावासी मैले सुनेको छु। तिनीहरूको दुःखकष्टप्रति म संवेदनशील भएर चासो देखाइरहेको छु" (प्रस्थान ३:७ रूपान्तरित)।**

विदेशमा पलायन भएर चारसय वर्षसम्म पर्खनु भनेको लामो अवधि हो। विशेष गरेर दिनप्रतिदिन बढिरहेको कठोर दासीको जीवनको अवस्थामा रहेर पर्खनुपर्दा ती इस्राएलीहरूलाई के भयो होला सो कल्पना पनि गर्न सजिलो छैन। उहाँका जनहरूकहाँ उहाँ आउनुभएर तिनीहरूलाई इजिप्टबाट निकालेर छुट्कारा दिन्छु भनेर परमेश्वरले प्रतिज्ञा गर्नुभएको थियो। तर पुस्तौं पुस्तासम्म इस्राएलीहरूलाई दास भएर तिनीहरूको मूर्तिपूजा गर्ने मालिकहरूको धनसम्पति र मान बढाउन तिनीहरूको थिचोमिचो र शोषण सहनु तिनीहरूको निम्ति असह्य भएको थियो। चारसय वर्षसम्म परमेश्वर चुपचाप रहनुभएको ती इस्राएलीहरूले महसुस गरेका थिए। यसै परिवेशमा विशेष र अचम्म तरिकाले

परमेश्वरले आफूलाई प्रकट गर्नुहुन्छ। अगुवा हुन असक्षम् देखाउने एक गोठालाको सामु अनकन्टार मरुभूमिमा खरानी नहुने तर जलिरहेको पोथ्रामा उहाँ देखा पर्नुभयो। त्यो व्यक्ति थियो इजिप्ट देशको भावि राजा, दासलाई काममा लगाउने इजिप्टबासीको हत्याको कारण विदेशमा भागेर लुक्नुपरेको राजकुमार मोशा। इजिप्टको दरवारमा राजकीय जीवनबाट तल्लो स्तरमा झरेर भेँडा गोठालो भएर बिताइरहेका भगुवा मोशालाई परमेश्वरले ठूलो जिम्मेवारी उनको काँधमा बोकाउनुभएको थियो। आनाकानी गरेतापनि परमेश्वरले उनलाई एउटा काम सुम्पनु भयो। इजिप्टमा रहेका इस्रायलीहरूकहाँ फर्केर गएर तिनीहरूको रुवावासी परमेश्वरले सुन्नुभएको छ र तिनीहरूको दयनीय वा थिचोमिचो उहाँले देख्नुभएको छ भन्ने समाचार सुनाउन उहाँले मोशालाई अऱ्हाउनुभएको थियो। हो, तिनीहरूको दयनीय अवस्थाप्रति परमेश्वर संवेदनशील हुनुभएको छ, उहाँले तिनीहरूलाई वास्ता गर्नुभएको छ भन्ने सन्देश इस्राएलीहरूलाई सुनाउने मोशाको पहिलो काम थियो। अझ भनौं भने ती इस्राएलीहरूको जीवनको अवस्थालाई नाटकीयरूपमा परिवर्तन गर्न परमेश्वरले सशक्त कदम चाल्न लाग्नुभएको थियो।

प्रस्थान ३:६-२०मा ती इस्राएलीहरूको निम्ति आफ्नो महत्त्वपूर्ण योजना विशेष सन्देशसहित प्रकट गर्नुभएको थियो। परमेश्वरले व्यक्त गर्नुभएको त्यो सन्देशमा तपाईंको बिशेष ध्यान केमा छ? हेर्नुहोस् "६ उहाँले अझै भन्नुभयो, "म तिम्रा पिता-पुर्खाका परमेश्वर हुँ। अब्राहामका परमेश्वर, इसहाकका परमेश्वर र याकूबका परमेश्वर हुँ।" तब मोशाले आफ्नो मुख ढाके, किनकि तिनी परमेश्वरलाई हेर्न डराए। ७ तब परमप्रभुले भन्नुभयो, "मिश्रमा भएका मेरा प्रजाको दुःख मैले देखेको छु, र कामदारहरूको अत्याचारमा तिनीहरूले पुकारा गरेका मैले सुनेको छु। तिनीहरूको दुःख मलाई थाहा छ। ८ यसैले तिनीहरूलाई मिश्रीहरूका हातबाट छुटकारा दिएर त्यस देशबाट एक असल र ठूलो देश, अर्थात् दूध र मह बग्ने देश– कनानी, हित्ती, एमोरी, परिज्जी, हिव्वी र यबूसीहरूका देशमा ल्याउनलाई म ओर्लिएको छु। ९ अब हेर, इस्राएलीहरूको पुकार मकहाँ आइपुगेको छ। मिश्रीहरूले तिनीहरूमाथि गरेको अत्याचार मैले देखेको छु। १० यसकारण अब जाऊ, मेरा प्रजा, अर्थात् इस्राएलीहरूलाई मिश्रबाट निकालेर ल्याउन म तिमीलाई फारोकहाँ पठाउँदैछु।" ११ तर मोशाले परमेश्वरलाई भने, "फारोकहाँ गएर इस्राएलीहरूलाई मिश्रबाट ल्याउन सक्ने म को हुँ र?" १२ अनि परमेश्वरले भन्नुभयो, "म तिमीसित हुनेछु, र मैले तिमीलाई

पठाएको हुँ भन्ने कुराको चिन्ह तिमीलाई यो हुनेछः जब तिमीले ती मानिसहरूलाई मिश्रबाट निकालेर ल्याउनेछौ, तब तिमीहरूले यही पर्वतमा परमेश्वरको आराधना गर्नेछौ।" १३ मोशाले परमेश्वरलाई भने, "हेर्नुहोस्, जब म इस्राएलीहरूकहाँ गएर तिनीहरूलाई भन्नेछु, 'तिमीहरूका पितापुर्खाका परमेश्वरले मलाई तिमीहरूकहाँ पठाउनुभएको हो,' तब तिनीहरूले 'उहाँको नाउँ के हो त?' भनेर सोधे भने, मैले तिनीहरूलाई के भन्ने?" १४ तब परमेश्वरले मोशालाई भन्नुभयो, "म हुँ जो म हुँ।" फेरि उहाँले भन्नुभयो, "इस्राएलीहरूलाई तिमीले यसो भन्नू, " 'म हुँ' भन्नेले तिमीहरूकहाँ मलाई पठाउनुभएको हो'।" १५ परमेश्वरले मोशालाई यो पनि भन्नुभयो, "इस्राएलीहरूलाई भन्, 'परमप्रभु,* तिमीहरूका पिता-पुर्खाका परमेश्वर, अर्थात् अब्राहामका परमेश्वर, इसहाकका परमेश्वर र याकूबका परमेश्वरले मलाई तिमीहरूकहाँ पठाउनुभएको हो'। मेरो नाउँ सदा यही रहनेछ, र सबै पुस्तासम्म मेरो नाउँको सम्झना यही हुनेछ। १६ "जाऊ, गएर इस्राएलका धर्म-गुरुहरूलाई जम्मा गरेर तिनीहरूलाई भन्: 'परमप्रभु, तिमीहरूका पिता-पुर्खाका परमेश्वर, अब्राहामका परमेश्वर, इसहाकका परमेश्वर र याकूबका परमेश्वर मकहाँ प्रकट भएर भन्नुभयो, "मैले तिमीहरूको हेर-विचार गरेको छु र मिश्रमा तिमीहरूले जे भोग्दैछौ सो मैले देखेको छु। १७ मैले तिमीहरूलाई मिश्रको कष्टबाट निकालेर कनानी, हित्ती, एमोरी, परिज्जी, हिव्वी र यबूसीहरूको देश, एउटा दूध र मह बग्ने देशमा लैजाने निश्चय गरेको छु'।" १८ "इस्राएलका धर्म-गुरुहरूले तिम्रो कुरा सुन्नेछन्। तब तिमी र इस्राएलका ती धर्म-गुरुहरू मिश्रका राजाकहाँ जानेछौ, र तिमीहरूले त्यसलाई भन्नेछौ, 'परमप्रभु हिब्रूहरूका परमेश्वरले हामीसित भेट गर्नुभएको छ, र अब हामी बिन्ती गर्दछौं, कि परमप्रभु हाम्रा परमेश्वरको निम्ति बलि चढ़ाउनलाई उजाड़-स्थानमा हामीलाई तीन दिनको यात्रामा जाने अनुमति दिनुहोस्'। १९ तर मलाई थाहा छ, कि मिश्रको राजाले करमा परेर मात्र तिमीहरूलाई जान दिनेछ। २० यसकारण म मेरो हात उठाएर त्यहाँ तिनीहरूका बीचमा मेरा सारा आश्चर्यकर्महरूद्वारा मिश्रीहरूलाई प्रहार गर्नेछु, र त्यसपछि उनले तिमीहरूलाई जान दिनेछन्।"

परमेश्वरले आफ्नो योजना भनेर इस्राएलीहरूलाई छुटकारा दिने कुरामात्र गर्नुभएन। उत्तम देशमा जानको निम्ति परमेश्वरले आफ्नो योजनामात्र प्रकट गर्नुभएन तर इजिप्टबाट भाग्नुपर्दा इस्राएलीहरूलाई दयनीय वा नाङ्गै भएर जाने जान नदिनेपनि उहाँको मनशाय थियो। ती इस्राएलीहरूले इजिप्टलाई धनी र सम्पन्न साम्राज्य बनाउन सयौं वर्ष कठोर परिश्रम गरेका

थिए। इजिप्टका राजा फारोले सुरूमा इस्राएलीहरूको कुरा सुन्दैनन् भन्ने परमेश्वरलाई थाहा थियो। तर इस्राएलीहरूको सयौं वर्षसम्म गरेको कडा परिश्रमको क्षतिपूर्ति दिने वाचा पनि परमेश्वरले मोशालाई सुनाउनुभएको थियोः "२१ "म यस जातिमाथि मिश्रीहरूको निगाह राखिदिनेछु, र तिमीहरू जाँदा रित्तो हात लिएर जानेछैनौ। २२ हरेक स्त्रीले आफ्नो छिमेकी र त्यसको घरमा बस्ने स्त्रीलाई सुन र चाँदीका गहनाहरू र लुगाफाटाहरू माग्नेछ, र तिमीहरूले ती आफ्ना-आफ्ना छोराछोरीहरूलाई लगाइदिनेछौ।" (प्रस्थान ३:२१,२२ रूपान्तरित)। सयौं वर्षसम्म शोषित भइरहेका, थिचोमिचोमा परिरहेका र दविएर बसिरहेका दासहरूबाट एक नयाँ समाजको स्थापना गर्ने अवसर परमेश्वरले बसालिरहनुभएको थियो। इजिप्टको जीवनभन्दा फरक जीवन तिनीहरूले बिताऊन् भन्ने परमेश्वरको योजना थियो। आफ्नै स्रोतसाधनलाई उपयोग गरेर जीवनस्तरलाई सम्हाली राख्ने समाजको परिकल्पना परमेश्वरले गर्नुभएको थियो। वरिपरि रहेका राष्ट्रहरूको निम्ति इस्राएली राष्ट्र एक अनुकरणीय उदाहरण हुने परमेश्वरको योजना थियो। परमेश्वरले अब्राहमलाई दिनुभएको वाचा अनुसार इस्राएलीहरूले परमेश्वरबाट पाएका आशिषहरू संसारका सबै राष्ट्रहरूले पनि पाउन सकोस् भनेर उहाँले इस्राएलीहरूबाट अपेक्षा गर्नुभएको थियो।

**संसारका मानिसहरूका दुःखकष्ट र दयनीय अवस्थाप्रति परमेश्वर चासो देखाएर हेरिरहनुहुन्छ र तिनीहरूको क्रन्दन परमेश्वरले सुन्नुहुन्छ भन्ने कुरा तपाईंको निम्ति कतिको महत्त्वपूर्ण छ? त्यसले परमेश्वरको बारेमा तपाईंलाई के भन्छ? हेर्नुहोस् प्रस्थान ४:३१ "३१ परमप्रभु इस्राएलीहरूको चिन्ता लिनुहुन्छ र तिनीहरूको कष्ट पनि देख्नुभएको छ भनी जब तिनीहरूले सुने, तब तिनीहरूले आफ्ना शिर निहुराएर दण्डवत् गरी आराधना गरे।"**

## २. दश शील अर्थात् दश आज्ञाहरू

**प्रस्थान २०:१-१७मा परमेश्वरले घोषणा गर्नुभएको दश आज्ञा अर्थात् परमेश्वरका जनहरूका निम्ति दिइएको आदर्श मार्गलाई मत्ती २२:२७-४०मा त्यसको सारांश येशूले दिनुभएको छ। येशूले दिनुभएको त्यस सारांशमा दश आज्ञामा उल्लेख गरिएको प्रत्येक नीतिलाई तपाईंले कसरी बुझ्नुभएको छ? हेर्नुहोस् दुवै अंशहरूः "१ अनि यी सब कुरा परमेश्वरले भन्नुभयोः २ "म परमप्रभु तिमीहरूका परमेश्वर हुँ, जसले तिमीहरूलाई मिश्रदेश, अर्थात् दासत्वको**

देशबाट निकालेर ल्याएँ। ३ "मबाहेक अरू कुनै देवता-देवीहरू नमान्नू। ४
"आफ्ना निम्ति खोपेर कुनै किसिमको मूर्ति नबनाउनू, माथि आकाश अथवा तल
पृथ्वी वा तल पानीमा भएको कुनै कुराको आकारको प्रतिमूर्ति नबनाउनू। ५
तिनीहरूका सामु ननिहुरनू, तिनीहरूको पूजा नगर्नू, किनकि म परमप्रभु
तिमीहरूका परमेश्वर डाह गर्ने परमेश्वर हुँ। मेरो अवहेलना गर्ने पिता-पुर्खाका
अधर्मको दण्ड उनीहरूका सन्तानहरूलाई उनीहरूका तेस्रो र चौथो पुस्तासम्म
दिनेछु, ६ तर मलाई प्रेम गर्ने र मेरा आज्ञाहरू पालन गर्नेहरूका हजारौं
पुस्तामाथि म कृपा गर्नेछु। ७ "परमप्रभु आफ्ना परमेश्वरको नाउँ व्यर्थैमा
नलिनू, किनकि उहाँको नाउँ व्यर्थैमा लिनेलाई परमप्रभुले निरपराध
ठहराउनुहुनेछैन। ८ "शबाथ-दिन पवित्र मान्नुपर्छ भनी याद राख्नू। ९ छ
दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू, १० तर सातौंचाहिँ दिन परमप्रभु
तिमीहरूका परमेश्वरको निम्ति शबाथ-दिन हो। त्यसमा तिमीहरूले केही काम
नगर्नू, न त आफ्नो छोराले, न छोरीले, न कमारा-कमारीले, न गाईबस्तुले, न मूल
ढोकाभित्र भएको परदेशीले केही काम गरोस्। ११ किनकि छ दिनमा
परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोक बनाउनुभयो, तर सातौं
दिनमा चाहिँ विश्राम गर्नुभयो। त्यसकारण परमप्रभुले शबाथदिनलाई आशिष्
दिनुभयो, र त्यसलाई पवित्र गर्नुभयो। १२ "आफ्ना बाबु र आमालाई आदर गर,
कि जुन देश तिमीहरूलाई परमप्रभु आफ्ना परमेश्वरले दिनुहुन्छ, त्यहाँ
तिमीहरूको आयु लामो होस्। १३ "हत्या नगर्नू। १४ "व्यभिचार नगर्नू। १५
"चोरी नगर्नू। १६ "आफ्नो छिमेकीको विरुद्धमा झूटो गवाही नदिनू। १७
"आफ्नो छिमेकीका घरको लालच नगर्नू। आफ्नो छिमेकीकी पत्नीको लालच
नगर्नू, आफ्नो छिमेकीको कमारा, कमारी, गोरु, गधा वा त्यसको कुनै पनि थोकको
लालच नगर्नू।" (प्रस्थान २०:१-१७) र "३५ तिनीहरूमध्ये एक जना
व्यवस्थाका अध्यापकले उहाँको परीक्षा गर्ने विचारले उहाँलाई सोधे, ३६
"गुरुज्यू, व्यवस्थामा महान् आज्ञा कुन हो?" ३७ उहाँले तिनलाई भन्नुभयो,
"तिमीले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा
प्राणले, र आफ्नो सारा समझले प्रेम गर्नू। ३८ महान् र प्रथम आज्ञा यही हो।
३९ दोस्रो पनि त्यस्तै छ, तिमीले आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नू।
४० सारा व्यवस्था र अगमवक्ताहरूका शिक्षाको आधार नै यी दुई आज्ञाहरू
हुन्।" (मत्ती २२:३५-४०)।

यथार्थमा भन्ने हो भने कुनै पनि देश व्यवस्थित तथा सुशासितरिकाले चल्दैन यदि त्यहाँ संबिधान भएन भने। त्यसरी नै परमेश्‌वरको राज्यमा संबिधान छ, त्यो हो दश आज्ञाहरू। छोटकरीमा कुन परिवेशमा परमेश्वरले ती आज्ञाहरू घोषणा गर्नुभएको थियो सो बुझाउनुभएर दश आज्ञाको दस्तावेज सबै इस्राएलीहरूले सुन्ने गरेर सिनैको पहाडमा बोल्नुभएको थियो। आफ्ना जनहरूलाई इजिप्टको दासत्वबाट छुट्कारा दिनुभएर तिनीहरूबाट एक विशेष राष्ट्र बनाउने उहाँको उद्देश्य थियो। तिनीहरू परमेश्वरको योजनामुताविक उहाँका जनहरू भइरहन तिनीहरूले दश आज्ञाका आदर्श नीतिहरू पालन गरिरहनुपर्ने आदेश उहाँले दिनुभएको थियो। त्यही दश आज्ञाहरूको दस्तावेजको आधारमा परमेश्वरले इस्राएली राज्य वा जातिको खडा गर्नुभएको थियो। उक्त मामिलालाई केलाएर हेर्‍यौं भने यदि मानिसहरू सफल, मेलमिलाप गरेर शान्तिपूर्वक र अर्थमूलक असल जीवन बिताउन चाहन्छन् भने परमेश्वरलाई प्रेम गरेर र एक आपसमा प्रेम गरेर जिउनुको बिकल्प नदेखिएको ती विशेष आदेशहरूमा प्रस्तुत गरिएको छ। कतिपय इसाई राष्ट्रहरूले पनि तिनीहरूले बनाएका ऐनकानुन वा मुलुकी ऐनहरू त्यही दश आज्ञामा कोरिएका नीतिभित्रै रहेर बनाइएको छ जसलाई हामीले अचम्म मान्नुहुँदैन। ती आज्ञाहरूमा दिइएका नीतिहरू छोटो भएतापनि तिनीहरूलाई फराकिलो पाराले बुझ्नु धेरै आवश्यक छ। समग्ररूपमा बुझ्ने हो भने वा दश आज्ञाहरूमा उल्लेख गरिएका मूलभूत तत्वहरूलाई नियालेर हेरियो भने त्यहाँ भएका ती नीतिहरू सम्पूर्ण मानव जीवनको निम्ति कोरिएका आदर्श नीतिहरू हुन्। उदाहरणमा छैटौं आज्ञामा उल्लेख गरिएको "तिमीले हत्या नगर्नु" (प्रस्थान २०:१३)ले कुनै पनि अन्यायपूर्ण व्यवहार आफूमाथि होस् वा अरूमाथि होस् जसले गर्दा जीवन छोटिन्छ त्यो परमेश्वरको निम्ति स्वीकार्य नभएको देखाउँछ। "स्वार्थको कारण आवश्यक भएका र दुःखमा परेकाहरूको वेवास्ता गर्नुपनि हत्या बराबर हो" भनेर एलेन जी ह्वाइटले *पाट्रियार्क एण्ड प्रोफेटसको* पृ. ३०८मा स्पष्ट पार्नुभएको छ।

त्यसै गरेर नचोर्नु भन्ने प्रस्थान २०:१५मा उल्लेख गरिएको आज्ञाले मानव बेचविखन, दास बनाएर शोषण गर्नु र अरूको जीवनलाई जोखिममा पारेर बिजय पाउने काम वा लडाइँ गर्ने कामलाई पनि परमेश्वरले बन्देज लगाउनुभएको छ। कसैको ऋण लिएर नतिर्नु वा कसैलाई दिनुपर्ने परिश्रम अनुसार उचित तलब नदिइकन झुलाउनु पनि अरूको अधिकार वा सम्पतिलाई चोरिरहेको सरह ठहर्दछ। एलेन जी ह्वाइटले अझ कडा सब्दमा "नचोर्नु"को

अर्थलाई यसरी व्याख्या गर्नुहुन्छ "कसैको अज्ञानता, सोझोपना, कमजोरीपना र दुर्भाग्यको फाइदा उठाएर आफ्नो भाऊ खोज्ने वा आफ्नो फाइदा खोज्ने जुनसुकै प्रयास पनि चोरेको ठहरिन्छ।"- *पाट्रियार्क एण्ड प्रोफेटसको* पृ. ३०९। झट्ट हेर्दा हामी कोही पनि खराब मानिस भएको देख्दैनौं र हामी खराब छैनौं पनि भन्दछौं। सिधारूपमा हामीले कसैलाई मारेका पनि छैनौं न त चोरिरहेका छौं। त्यस्तो खराब काममा हाम्रो संलग्नता नभएकोले हामी ठीकै गरिरहेका छौं भनेर हामी हाम्रो काँधमा धाप पनि मार्छौं होला। तर जब हामीले दश आज्ञाहरूलाई शिरोपर गर्नुपर्ने मामिलामा येशूले बताउनुभयो कि त्यो केवल कुनै खराब काम प्रत्यक्षरूपमा नगरेर देखाउँदैमा पूरा नहुने रहेछ भनेर उहाँले स्पष्ट पार्नुभएको कुरालाई हामीले बुझ्नुपर्दछ। तर यदि हामीहरूको सोचबिचार, नियत गलत छ र हामीले हाम्रो क्षमता वा हैशियतले भ्याएसम्म गर्नुपर्ने मानव कर्तव्यलाई वेवास्ता गर्‍यौं भने त्यसले पनि परमेश्वरको व्यवस्थालाई सरासर उलङ्घन गरिरहेको उहाँले ठहर्‍याउनुभएको छ ( उदाहरणमा हेर्नुहोस् " २१ "उहिलेका मानिसहरूलाई 'मान्छे नमार्नू, मार्‍यौ भने दण्ड पाउनेछौ' भनिन्थ्यो। यो त तिमीहरूलाई थाहै छ। २२ तर म तिमीहरूलाई भन्छु, [कारणबिना नै] भाइसँग रिसाउनेले पनि दण्ड पाउनेछ। कसैले आफ्नो भाइलाई मूर्ख भन्यो भने त्यसले सभामा जवाफ दिनुपर्छ। आफ्नो भाइलाई सराप्ने त झन् नरकको आगोमैपर्नेछ। २३ "यसकारण परमेश्वरलाई भेटी चढाउनुभन्दा अघि तिम्रो भाइ तिमीसँग रिसाएको थाहा पायौ भने २४ आफ्नो भेटी वेदीकै अघि छोडी तुरुन्तै गएर आफ्नो भाइसँग मिलाप गर। त्यसपछि मात्रै आएर आफ्नो भेटी चढाऊ। २५ "अदालतमा पुग्नुभन्दा अघि, मौका हुँदै आफ्नो झगडियासँग मेलमिलाप गरिहाल। नत्रता उसले तिम्रो विरुद्धमा न्यायाधीशकहाँ उजुर गर्नेछ अनि न्यायाधीशले तिमीलाई सिपाहीको जिम्मा लाउनेछ र तिमी थुनामापर्नेछौ। २६ साँच्चै म तिमीलाई भन्छु, त्यस बेला जरिमानाको एक-एक पैसा नतिरेसम्म तिमी त्यहाँबाट उम्कन पाउनेछैनौ। २७ " 'व्यभिचार गर्नुहुँदैन' भनेको कुरा त तिमीहरूले सुनेका छौ। २८ तर म भन्छु, कसैले कुनै स्त्रीलाई नराम्रो विचारले हेर्‍यो भने पनि त्यसले मनमा व्यभिचार गरिसकेको हुन्छ। २९ यदि तिम्रो दाहिने आँखाले तिमीलाई पापमा पार्छ भने त्यसलाई झिकेर फालिदेओ। तिम्रो पूरै शरीर नरकमा फालिनुभन्दा त शरीरको कुनै अङ्ग नहुनु नै तिम्रो लागि धेरै राम्रो हो। ३० त्यसरी नै तिम्रो दाहिने हातले तिमीलाई पाप गर्न लगाउँछ भने त्यसलाई काटेर फालिदेओ।

तिम्रो पूरै शरीर नरकमा पर्नुभन्दा त त्यो हात नहुनु नै तिम्रो लागि धेरै राम्रो हो" मत्ती ५:२१-३०)।

यदि कुनै समाजले दश आज्ञाका प्रत्येक नीतिहरूलाई गम्भिरतापूर्वक पालन गरेर चल्यो भने त्यो समाज कस्तो होला? कल्पना गर्नुहोस्। त्यो समाज अत्यन्तै सक्रिय, फुर्तिलो र जोशिलो हुनेछ होला। त्यहाँ प्रत्येक व्यक्तिको दिमागमा परमेश्वर र एक आपसप्रति प्रेमले अड्डा जमाउने छ होला साथै एक आपसलाई हौसला दिँदै एक आपसको वास्ता गर्ने भएर आदर्श समाज निर्माण हुन्थ्यो होला।

**दश आज्ञाहरूलाई कतिपयले संकुचित भावनामा किन हेरेकै होलान्? यो त यहूदीहरूको निम्तिमात्र हो, हामी इसाईहरूको निम्ति यसको सरोकार छैन भनेर अधिकांश इसाईहरूले नै यसलाई किन पन्छाइरहेको होला? हामीहरूको जीवनमा यसको फराकिलो अर्थलाई प्रयोग नगरि यो त पुरानो करारको हो र येशू मर्नुभएपछि यसको बारेमा सोचेर टाउको दुखाउनुहुन्न भन्ने मनस्थिति इसाई भनाउँदाहरूबाटै किन प्रचारवाजी भइरहेको होला? (एडभेन्टिस्टहरूले अझ राजा दाउदको नीति लिनु अनिवार्य भएको यसका अनुवादक जिकिर गर्दछन् " मेरा आँसु नदीझैं बग्दछ, किनभने मानिसहरूले तपाईंको व्यवस्था मान्दैनन्" भजन ११९:१३६)। परमेश्वरको व्यवस्था वा दश आज्ञाहरूलाई हल्का पाराले पढेर त्यसै अनुसार चल्नु मानिसलाई किन सजिलो भएको हो त?**

## ३. नोकर, दास, मजदुर वर्ग, विधवा, अनाथ, टुहुरो, अपरिचित र परदेशी वा बिदेशीहरू

**प्रस्थान २३:९मा इस्राएलीहरूलाई परमेश्वरले के सन्देश सुनाउनुभएको छ? हेर्नुहोस्: "परदेशीसँग खराब व्यवहार नगर। परदेशी छँदा आफूलाई कस्तो लाग्छ, त्यो तिमीहरू जान्दछौ किनभने तिमीहरू मिश्रमा परदेशी थियौ।"**

इस्राएलीहरूले चारसय वर्षसम्म बिदेशमा दासत्वको जीवन बिताएका थिए। जब परमेश्वरले तिनीहरूलाई मिश्रदेशको अधीनबाट उद्धार गर्नुभयो आफूहरू अरूको दासत्वमा बस्दाको अवस्था कस्तो थियो भनेर तिनीहरूलाई थाहा थियो। तिनीहरूलाई पराई वा परदेशी जातिको नाउँमा मिश्रबासीहरूले हेपेका थिए, शोषण गरेका थिए, अछुत वा पानी नचल्ने जाति भनेर आफ्नो समाजबाट पाखा लगाइदिएका थिए। जब तिनीहरूले परमेश्वरको अग्रसरतामा तिनीहरू दासत्वबाट स्वतन्त्र भएको उपलक्ष्यमा उत्सब मनाइरहेका थिए तब तिनीहरूप्रति उहाँको एउटा चिन्ता थियो। तिनीहरू कहाँबाट आए, तिनीहरूलाई

बिदेशी अछुत जाति भनेर मिश्रीहरूले आफ्नो समाजबाट अलग्याएर हेपेको र परमेश्वरले तिनीहरूलाई के गरेर उद्धार गर्नुभयो सो तिनीहरूले नबिर्सुन् भन्ने परमेश्वरको चासो थियो। उहाँले निस्तार चाडको स्थापना गर्नुभयो। त्यो चाड इस्राएलीहरूको जीवनमा तिनीहरूको अवस्थालाई सम्झाइ राख्ने स्मारकको रूपमा दिइएको थियो साथै इस्राएलीहरूमा यो बारम्बार दोहो-याओस् भन्ने परमेश्वरको चाहना थियोः "हामीहरूलाई परमेश्वरले आफ्नो बाहुबलद्वारा मिश्रदेशबाट छुटाएर ल्याउनुभयो। त्यो देश हाम्रो दासत्वको देश थियो" (प्रस्थान् १३:१४ रूपान्तरित)।

**तिनीहरूले आफ्नो दासत्वको जीवन बिर्सुनुहुन्न भन्ने कुरा अत्यन्तै महत्त्वपूर्ण थियो। आफू बसोबास गर्ने नयाँ समाजमा भएका आफूभन्दा कमजोर, आर्थिक वा जातीय कारणले किनारा लगाइएका र कम अवसर पाएर हेपिएर बस्नेहरूलाई कसरी व्यवहार गर्नुपर्छ भनेर तिनीहरूलाई परमेश्वरले दिनुभएको निर्देशन प्रस्थान् २२:२१-२४मा हेर्नुहोस्ः "२१ "परदेशीलाई नसताउनू वा त्योसित खराब व्यवहार नगर्नू। याद राख, तिमीहरू पनि मिश्रमा परदेशी थियौ। २२ कुनै विधवा वा टुहुरा-टुहुरीलाई कुव्यवहार नगर्नू। २३ त्यसो गर्‍यौ भने मलाई तिनीहरूले सहायताको लागि पुकार्दा म परमप्रभुले तिनीहरूलाई उत्तर दिनेछु २४ र म रिसाएर लडाइँमा तिमीहरूलाई नाश पार्नेछु। तिम्रा पत्नीहरू पनि विधवा हुनेछन् र तिम्रा छोरा-छोरीहरू पनि टुहुरा-टुहुरी हुनेछन्।"**

दासत्वको नारकीय जीवनबाट छुटकारा पाएका इस्राएलीहरूलाई परमेश्वरले दश आज्ञाको निर्देशन सिनै पहाडबाट दिनुभएको थियो। त्यसमा परमेश्वर र मानिसको बीचमा हुनुपर्ने सम्बन्ध र मानिस र मानिसको बीचमा हुनुपर्ने सम्बन्धको आदर्श नीति कोरिएको थियो। त्यो आज्ञा दिए लगत्तै परमेश्वरले मोशालाई पहाडको चुचुरोमा फेरि बोलाउनुभयो। इस्राएली समाजमा ती उच्च आदर्शका नीति वा निर्देशनहरू कसरी पालन गर्न लगाउने भन्ने सिकाउन उनलाई बोलाइएको थियो। पवित्र मन्दिरको बारेमा सिकाउनुभन्दा पहिले परमेश्वरले इस्राएलीहरूको समाजको संरचना कस्तो हुनुपर्छ भनेर विधिविधानसहित परमेश्वरले मोशालाई सो विधि सुम्पनुभएको थियो। ती कानुन अर्थात् विधानहरू पवित्र मन्दिरको संरचनाको बारेमा निर्देशन दिनुभन्दा अघि प्रस्थानको तिन अध्यायहरूमा पनि उल्लेख गरिएका छन्। दासहरूलाई कसरी उचित तरिकाले व्यवहार गर्ने, जसरी इस्राएलीहरूले बिदेशमा अन्याय सहनुपरेको थियो त्यो अन्याय अरूलाई नदिइयोस भन्ने नीति परमेश्वरले मोशाको मुखबाट दिन लगाउनुभएको थियो। त्यहाँ अरू बिधिविधान वा

व्यवस्थाहरू थिए। हिंसात्मक अपराध गऱ्यो भने के गर्ने, चल अचल सम्पत्तिको बारेमा कसरी कारोबार गर्ने वा संरक्षण गर्ने, दैनिक जीवनमा बिताउनु पर्ने जीवनशैली जस्तो बिधिहरू दिइएको थियो। साथै ती बिधिहरू पालन गर्न रेखदेख गर्न र उचित न्याय दिलाउन अदालत गठन गर्ने निर्देशन पनि ती विधानहरूमा समावेश गरिएको थियो (प्रस्थान् २१-२३ पढ्नुहोस्)। नयाँ समाजमा रहेका नागरिकहरूलाई कस्तो व्यवहार गर्नुपर्छ, बाहिरबाट आएका परायाहरूप्रति कस्तो मनस्थिति बसाल्नुपर्छ र समाजमा कमजोर वर्ग, सतावटमा पर्न वाध्य भएकाहरूलाई कस्तो व्यवहार गर्नुपर्छ भन्ने नीतिहरू परमेश्वरले मोशालाई दिनुभएको थियो। आफूभन्दा तल्लो स्तरका मानिसहरूलाई शोषण गर्न मनाही गरिएको थियो। जब कटनी गरिन्छ तब अन्नका केही बालाहरू खेतमै छोडेर जान इस्राएलीहरूलाई निर्देशन दिइएको थियो। समाजमा भोका र निमुखाहरूको पनि खाने अधिकार छ भनेर तिनीहरूप्रति सम्मान देखाउन ती नीतिहरू दिइएको थियो। आफ्नो देशमा आएका बाहिरका मानिसहरूलाई बिदेशी वा पराया भनेर हेप्ने, म्लेच्छ वा कुजात भनेर हेप्ने र निर्धनहरूलाई अभागी भनेर पन्छाउने प्रवृति पौराणिक संसारमा कुनै नौलो थिएन। आजको कतिपय समाजमा परमेश्वरको इच्छा अनुसार अरूलाई गर्नुपर्ने नैतिक वा आदर्शको व्यवहारहरू प्राय बिर्सेको पाइन्छ।

**तपाईंकै जीवनमा कतिपय अन्यायहरू सहनुभयो होला। कतिपयले तपाईंलाई हेपेर पन्छाउन खोजे होलान्। ती कुराहरू सम्झेर दुःख र कष्ट र अन्यायमा परेकाहरूप्रति तपाईंको करुणा र चासो अझ कसरी बढाउने?**

## ४. दोस्रो दशांस

परमेश्वरलाई दशांस फर्काउनु वा तिर्ने मामिला धेरै इसाईहरूलाई थाहा छ (पुरानो करारको औचित्य समाप्त भयो भनेर सिकाउने इसाई सम्प्रदायहरूले पनि पुरानो करारलाई नै उपयोग गरेर दशांस भेटी उठाउँछन्)। मलाकी ३:१० दशांसको मामिलामा उल्लेख गरिएको सरल तर महत्त्वपूर्ण वा मुल निर्देशनलाई सबै इसाई समूदायहरूले औंल्याउँछन्। आफ्नो आम्दानीको वा लाभांसको दश प्रतिशत सुसमाचारको निम्ति सहयोग गर्न चर्चमा येशूलाई विश्वास गर्नेहरूले अर्पण गर्छन्। चर्चहरूलाई सुम्पिएको ती दशांसहरूलाई कसरी प्रयोग गर्ने भनेर प्रायजसो चर्चमा त्यसको निर्देशिका लागु गराइन्छ।

सुसमाचार प्रचार गर्न र त्यस सुसमाचारीय सेवाकार्यलाई संचालन गर्न ती दशांसहरू प्रयोग गरिन्छ।

दशांसको मूल उद्देश्य के हो भनेर व्यवस्था १४:२२-२९मा दिएको निर्देशिका हेर्नुहोस्: **"२२ "दशौं भाग– तिम्रा खेतबारीमा हरसाल उब्जनी भएका कुराको दश भागबाट एक भाग अलग छुट्ट्याएर राख। २३ तर परमप्रभु तिम्रा परमेश्वरले चुन्नुभएको त्यो एक मात्र आराधना-स्थलमा जाओ अनि त्यहाँ परमप्रभुको सामुन्ने आफ्ना अन्न, मद्य र जैतुन तेलको दशौं भाग र गाई-वस्तु र भेडाका पहिला बाछ्रा वा पाठाहरू खाओ। परमप्रभु आफ्ना परमेश्वरलाई सधैं आदर गर्न सिक्नलाई यसो गर्ने गर। २४ यदि त्यस्तो आराधना-स्थल तिम्रा घरदेखि धेरै टाढा छ र परमप्रभुले तिमीहरूलाई आशिष् दिनुभएको उब्जनीको दशौं भाग त्यहाँ पुऱ्याउन गाह्रो भयो भने तिमीहरूले यसो गर– २५ आफ्नो उब्जनी बेच र पाएको दाम त्यस एक मात्र आराधना-स्थलमा लिएर जाओ। २६ तिमीहरू साँढे, भेडाको थुमा, मद्य तथा अरूमद्य जे चाहन्छौ, त्यो सो पैसाले किन र त्यहाँ परमप्रभु परमेश्वरको अघि तिमीहरू र तिम्रा परिवारहरूले त्यो खाएर आनन्द मनाओ। २७ "तिम्रा सहरहरूमा बास गर्ने लेवीहरूको वास्ता गर्न नछोड। तिनीहरूको आफ्नो सम्पत्ति छैन। २८ हरेक तेस्रो वर्षको अन्तमा तिम्रा सारा उब्जनीका दशौं हिस्सा बटुली ल्याओ र आफ्ना सहरहरूमा जम्मा गर। २९ त्यो तिम्रा सहरहरूमा बास गर्ने लेवीहरू, जसका आफ्नो सम्पत्ति छैन, विदेशीहरू, टुहुरा-टुहुरी र विधवाहरूको लागि हो। तिनीहरू आएर आफूलाई चाहिएको जति चीज लिएर जानेछन्। त्यसो गर र परमप्रभु तिम्रा परमेश्वरले तिमीहरूले गरेको हरेक काममा आशिष् दिनुहुनेछ।"**

कतिपय विश्वासीहरूले दश प्रतिशत चर्चमा दिएपछि आफू पक्का विश्वासी भएको ठान्दै आफूले गर्नुपर्ने कर्तव्य पूरा गरेको ठान्दछन्। तर दश प्रतिशत भन्ने कुरा त केवल सुरुमात्र हो भनेर इस्राएलीहरूलाई दिइएको निर्देशनमा औंल्याइएको विषयकलाई हामीले महसुस गर्नुपर्छ। लेबीहरूलाई दिइएको व्यवस्था अनुसार पौराणिक इस्राएलमा परमेश्वरकहाँ ल्याउने नियमित भेटी दशांसमात्र नभएर अरू पनि देखाइएको छ। परमेश्वरको कामको निम्ति, पुजारी र पवित्र मन्दिरको सेवाकार्य र गरिबहरूको सहायताको निम्ति वार्षिक आम्दानीको एक चौथाईदेखि एक तिहाई भाग भेटी **आराधना**स्थलमा ल्याइएको हुन्थ्यो। ती भेटीहरू विदेशी, टुहुराटुहुरी र विधवीहरूको सहयोगको निम्ति ल्याइन्थ्यो भनेर कतिपय बाइबलका विद्वानहरूले दावि गर्छन्। यसलाई दोस्रो दशांस पनि भनिन्छ। आफ्ना कामहरूको फल पाएकोमा र तिनीहरूको

फसलको समयप्रति आभारी हुँदै मानिसहरूले रमाइलो गरेर उत्सव मनाउँथे। परमेश्वरका विश्वासीहरू जहाँ भएतापनि वा विशेष गरेर नौलो ठाउँमा उहाँले दिनु हुने आशिषको प्रतिज्ञा भाग्यले पाएको भनेर सम्झनु नहुने र आफूभन्दा कम आशिष पाएकाहरूलाई पाखा लगाउने काम नगरुन् परमेश्वरको चाहना हो।

जब हरेक वर्ष कटनी वा बाली भित्र्याइन्छ तब वर्षवर्षमा नियमितरूपमा दशांस बाहेक थप भेटीहरू पवित्र मन्दिरमा ल्याइन्थ्यो र त्यहाँबाट आवश्यक परेकाहरूलाई बाँडिन्थ्यो। तर प्रत्येक तेस्रो वर्ष आफूले पाएको आशिष आफ्नै समाजमा बाँड्न विशेष ध्यान दिन अऱ्हाइएको हुन्थ्यो। बाली भित्राइएको अवसरमा उत्सव मनाउने क्रममा समाजमा रहेका कतिपय मानिसहरूलाई बिर्सन्थे वा वेवास्ता गरिन्थे। त्यसो नगर्न परमेश्वरले यो निर्देशिका दिनुभएको थियोः “तिमीहरूले ती विशेष भेटीहरू लेबीहरूलाई, विदेशी वा परायाहरूलाई आमाबाबु नहुने टुहुराहरूलाई र विधवीहरूलाई दिनु, जसले गर्दा तिमी रहेको सहरहरूमा तिनीहरूले पनि खान पाउन् र संतुष्ट होउन्" (व्यवस्था २६:१२ रूपान्तरित)।

परमेश्वरले सिकाउनुभए अनुसार इस्राएलीहरूले कमसेकम केही भाग वा पैसा अत्यन्तै आवश्यक परेकाहरूलाई सहयोग गर्न छुट्याउँथे। परमेश्वरले तिनीहरूप्रति देखाउनुभएको करुणा र न्यायको सम्झनामा र उहाँप्रति आभारी भएर आफूभन्दा कमजोरलाई तिनीहरूले सहायता गर्नुपर्ने आदेश उहाँले दिनुभएको थियो।

**व्यवस्था २६:१-११ पढ्नुहोस्। तिनीहरूलाई परमेश्वरले के भनिरहनुभएको छ? ए, यो त पुरानो करारमा दिइएकोपो त, यहूदी जातिहरूलाईमात्र दिएको हामीलाई त्यसको ख्याल गर्नुपर्ने जरुरी छैन भनेर ठान्ने कि आवश्यक परेकाहरूलाई कसरी सहयोग गर्नुपर्ने रहेछ भनेर ती वचनहरू हाम्रो जीवनमा लागु गराउन सिक्ने? हेर्नुहोस्ः “१ आबीब महिनामा निस्तारचाड मनाएर परमप्रभु आफ्ना परमेश्वरलाई आदर गर। त्यही महिनाको एक रात उहाँले तिमीहरूलाई मिश्रदेखि उद्धार गर्नुभएको थियो। २ त्यो एक मात्र आराधना-स्थलमा गएर परमप्रभु आफ्ना परमेश्वरको आदरमा गरिने निस्तारचाडको भोजको लागि आफ्नो एउटा गोरु वा भेडा काट। ३ जब तिमीहरू यो भोज खान्छौ, खमिरसित बनाएको रोटी नखानू। तिमीहरूले मिश्रदेश हतार-हतार छोडेर आउँदा जसरी गरेका थियौ, त्यसरी नै सात दिनसम्म अखमिरी रोटी खानू। त्यो रोटीको नाम दुःखको रोटी राखिनेछ। त्यो**

**खाँदा तिमी बाँचुञ्जेल तिमीहरूले आफू त्यो दुःख-कष्टको देश मिश्रबाट निस्किआएका दिनलाई सम्झना गर्नेछौ। ४ सात दिनसम्म तिम्रा देशमा कसैले खमिर आफ्ना घरमा राख्नेछैनौ अनि पहिलो दिन बेलुका काटेको पशुको मासु त्यही रात खाइसक्नुपर्नेछ। ५-६ त्यस निस्तार-चाडका पशुलाई एक मात्र त्यो आराधना-स्थलमा काट्नू, त्यसलाई परमप्रभु तिम्रा परमेश्वरले दिनुहुने देशको कुनै अर्को ठाउँमा नकाट्नू। बेलुका घाम अस्ताउँदा जुन समयमा तिमीहरूले मिश्र छोडेका थियौ, त्यही समयमा त्यसलाई काट्नू। ७ मासु उमालेर त्यही एक मात्र आराधना-स्थलमा खानू र भोलिपल्ट बिहानै घर फर्कनू। ८ त्यसपछि अरू ६ दिनसम्म तिमीहरूले बिनाखमिर बनाएको रोटी खानुपर्नेछ अनि सातौं दिनमा परमप्रभु आफ्ना परमेश्वरलाई पूज्नको लागि भेला हुनू र त्यो दिन केही काम नगर्नू। ९ बाली काट्न थालेपछि सात हप्ता गन्नू १० र परमप्रभु आफ्ना परमेश्वरलाई आदर गर्न कटनी चाड मनाउनू। त्यस बेला उहाँले तिमीहरूलाई दिनुभएको आशिष्‌अनुसार स्वेच्छाले चढाउने भेटी उहाँकहाँ लिई आउनू। ११ आफ्ना छोरा-छोरी, नोकर-चाकर र तिम्रा सहरमा बास गर्ने लेवी, विदेशी, टुहुरा-टुहुरी र विधवाहरूसहित परमप्रभुको सामुन्ने आनन्द मनाउनू। त्यो एक मात्र आराधना-स्थलमा त्यसो गर्नू। १२ यी आज्ञाहरू मान्नलाई निश्चय गर। तिमीहरू मिश्रमा कमारा-कमारी थियौ भन्ने कुरा नभुल।"**

## ५. स्वर्ण जयन्ती अर्थात् पुनर्स्थापनाको वर्ष

आफ्नै घर नभएका र प्रतिज्ञा गरिएको नयाँ देश कनानको निम्ति पर्खिरहेका इस्राएलीहरूले नयाँ समाज स्थापना गर्नेछन् भन्ने परमेश्वरलाई थाहा थियो। त्यो देश तिनीहरूको निम्ति अत्यन्तै महत्त्वपूर्ण हुनेछ भनेर पनि उहाँले सोच्नुभएको थियो। यहोशूको नेतृत्वमा कनान देशका जग्गाजमिनहरू इस्राएली कूल र परिवारका समूहहरूमा व्यवस्थित ढङ्गले बितरण गरिनेछ भनेर परमेश्वरले देख्नुभएको थियो।

जग्गा जमिन, अवसर, धनसम्पत्ति, प्राकृतिक स्रोतहरू केवल केही जमिन्दारहरूको हातमामात्रै पर्नेछ भन्ने पनि पूर्वज्ञान परमेश्वरले देख्नुभएको थियो। परिवारमा आएका कठिनता, बिरामी, गलत निर्णय र अरू दुर्गतिको कारण केही जमिन्दारहरूले झट्ट फाइदाको निम्ति वा बाँच्ने आधारको निम्ति आफ्नो जग्गा बेच्नुपर्ने परिस्थिति आउँदा आउनेवाला पिँढीहरू घरबार बिहिन हुने हालतमा पुग्ने स्थितिप्रति परमेश्वर संवेदनशील हुनुभएको थियो।

त्यसको समाधान गर्न परमेश्वरले विशेष अध्यादेश दिनुभएको थियोः त्यो थियो सदाको निम्ति जग्गाजमिन कहिल्यै नबेचियोस्। बरू जग्गा बेच्नुपरेमा “स्वर्ण जयन्ती वा पुनर्स्थापना"को वर्षसम्ममात्र बेचियोस् र त्यसपछि त्यो जमिन कस्को हो सो त्यसैलाई वा त्यसको परिवारलाई फर्काइयोस् भन्ने परमेश्वरको योजना थियो। फेरि कुनै पनि बेचिएको जमिन बेच्नेले वा बेच्ने परिवारले कुनै पनि समयमा फेरि किनेर फिर्ता लिने प्रावधान पनि बनाइएको थियो। यसमा पनि ती इस्राएलीहरूको परमेश्वरसँगको सम्बन्ध र एक आपससँगको सम्बन्धमा तिनीहरूको जग्गाजमिनको मामिलाले कसरी असर पर्दछ भनेर परमेश्वरले तिनीहरूलाई यसरी याद दिलाउनुभएको थियोः “स्थायीरूपमा जग्गा कहिल्यै पनि नबेच्नु। किनभने जमिन मेरो हो। तिमीहरू रहेको देश वा जमिनमा तिमीहरू बिदेशी वा अपरिचित भएर ओगटिरहेकाछौ" (लेबी २५:२३ रूपान्तरित)।

**यदि कुनै पनि समाजले वा वादले वा राज्यप्रणालीले मोशामार्फत परमेश्वरले दिनुभएको लेबी २५को नीतिनिर्देशनलाई पालन गऱ्यो भने त्यो समाज वा राज्य कस्तो फरक हुन्थ्यो होला? विशेष गरेर “एक आपसमा दमन नगर्नु वा थिचोमिचो नगर्नु" भन्ने कुरा परमेश्वरको निर्देशनलाई तपाईंको जीवनमा औपचारिकरूपमा भाषण छाँट्ने विषय नभएर व्यवहारिकरूपमा लागु गर्नुभएको भए कस्तो हुन्थ्यो होला? हेर्नुहोस्: “१ परमप्रभु मोशासित सीनै पर्वतमा बोल्नुभयो २ र इस्राएलका मानिसहरूलाई यी नियमहरू दिने आज्ञा गर्नुभयो, जब तिमीहरू परमप्रभुले दिनुभएको देशमा पस्नेछौ, तब सातौं वर्षमा जमिनमा केही कुरो नरोप्नू र त्यसरी परमप्रभुलाई आदर दिनू। ३ तिमीहरूले आफ्ना खेतबारीमा ६ वर्षसम्म अन्न लाउनू, दाखबारी छिँवल्नू र आफ्ना अन्न बटुल्नू। ४ तर सातौं वर्ष जमिनको निम्ति परमप्रभुलाई अर्पण गरिएको पूरा विश्रामको वर्ष हुनेछ। त्यस वर्ष खेतमा अन्न नलाउनू अनि दाखबारी नछिंवल्नू। ५ नरोपी आफैं उम्रेका बाली पनि नबटुल्नू अनि नछिंवलेका दाखबारीबाट अङ्गुर नटिप्नू। यो जमिनको निम्ति पूरा विश्राम गर्ने वर्ष हो। ६ त्यस वर्ष जमिनमा अन्न नरोपेको भए तापनि त्यस जमिनले तिमीहरूलाई तिम्रा कमारा-कमारी, ज्यालामा काम गर्न आएका व्यक्तिहरू, तिमीहरूसित बास गर्ने विदेशीहरू, ७ तिम्रा घरेलु पशुहरू र तिम्रा खेतमा भएका जङ्गली जनावरहरूको निम्ति भोजन जुटाइदिनेछ। त्यहाँ उब्जनी भएका सबै थोक खाए हुन्छ।**

*८ सात गुना सात वर्ष, जम्मा उनन्चास वर्ष गन्नू। ९ तब सातौं महिनाको दशौं दिन अर्थात् प्रायश्चितको दिन एक जना मानिसलाई सारा देशमा*

तुरही फुक्दै जान लाउनू। १० यसरी तिमीहरूले पचासौं वर्ष अलग छुट्ट्याउनू
र सबै देशबासीहरूलाई स्वतन्त्रताको घोषणा गरिदिनू। त्यस वर्ष बिक्री भएका
सारा सम्पत्तिहरू तिनका पहिलेका मालिकहरू वा तिनका सन्तानलाई
फर्काइदिनू। अनि कमारा बनाएर बेचिएको जो छ, त्यो आफ्नो परिवारमा फर्की
जाओस्। ११ तिमीहरूले आफ्ना खेतमा अन्न नरोप्नू वा आफैं उम्रेका
अन्नबाली नबटुल्नू वा नछिँवलेको दाखबारीबाट अङ्गुर नटिप्नू। १२ त्यो
वर्षभरि तिमीहरूको लागि पवित्र हुनेछ र खेतबारीमा आफैं उब्जनी भएका अन्न
मात्र तिमीहरूले खानेछौ। १३ त्यो वर्ष बिक्री भएका सबै सम्पत्तिहरू तिनका
पहिलेका मालिकहरूलाई फर्काइदिनू। १४ यसरी तिमीहरूले आफ्नो इस्राएली
छिमेकीसित जमिन किन-बेच गर्दा अनुचित व्यवहार नगर्नू। १५ अर्को आउने
पुनर्स्थापनको वर्षसम्ममा कति वर्ष जमिनले अन्न उब्जाउन सक्छ, त्यही
बमोजिम जमिनको दाम तोकिनुपर्छ। १६ उब्जनीका वर्षहरू धेरै छन् भने दाम
धेरै हुनेछ, कम छन् भने दाम कम हुनेछ किनभने जमिनले कति बाली दिन्छ,
त्यहीअनुसार जमिनको दाम तोकिनुपर्छ। १७ आफ्नै इस्राएली भाइलाई नठग
तर परमप्रभु तिमीहरूका परमेश्‍वरको आज्ञा मान। १८ परमप्रभुका सबै नियम र
आज्ञाहरू पालन गर र तिमीहरू देशमा कुशलसित जिइरहनेछौ। १९ जमिनले
अन्न उमार्नेछ र तिमीहरूले पर्याप्त खान पाउनेछौ र सुरक्षासँग बास गर्नेछौ।
२० बाली-नाली नलाउने र अन्न नबटुल्ने सातौं वर्षमा के खाने भनी कसैले
सोध्ला। २१ परमप्रभुले छैटौं वर्षमा जमिनलाई आशिष् दिनुहुनेछ र त्यस वर्ष
दुई वर्षसम्म खान पुग्ने उब्जनी हुनेछ। २२ आठौं वर्ष जब तिमीहरूले आफ्ना
खेतबारीमा अन्न लाउनेछौ, तब तिमीहरूले छैटौं वर्षमा बटुलेको उब्जनी नै
खाइरहेका हुनेछौ र त्यस वर्षमा लाएको अन्नबाली नबटुलुञ्जेलसम्म पुग्दो
खानेकुरा तिमीहरूसित हुनेछ। २३ तिमीहरूले जमिन सधैंको लागि बेच्नुहुन्न
किनभने त्यो तिमीहरूको जमिन होइन, त्यो परमेश्‍वरको हो र तिमीहरू ती
चलाउनलाई अनुमति पाएका विदेशीहरूजस्ता हौ। २४ जब जमिन बिक्री
हुन्छ, पहिलेको मालिकले त्यो निखन्ने अधिकार पाउनेछ। २५ कुनै इस्राएली
गरीब भयो र आफ्नो जमिन बेच्न त्यसलाई कर लाग्यो भने त्यसको सबैभन्दा
नजिकको साइनो पर्ने मानिसले त्यो जमिन जसलाई बेचेको छ, त्यसबाट
किनोस्। २६ कसैको जमिन किन्नलाई नजिकको साइनो पर्ने मानिस छैन भने
त्यो आफैंले पछिबाट प्रशस्त धन कमाएर सो जमिन आफैं किन्न सक्छ। २७
त्यसो हो भने त्यसले आफूबाट जमिन किन्ने मानिसलाई आउँदो पुनर्स्थापनको
वर्षसम्म बाँकी रहेका वर्षका निम्ति पाइने फसलको दाम बराबर धन दिनुपर्नेछस

आखिरी त्यस वर्ष त्यसले जमिन फिर्ता पाउने नै हो। २८ तर त्योसँग जमिन
फेरि किन्नलाई चाहिँदो धन छैन भने त्यस जमिनमाथि अर्को पुनर्स्थापनको
वर्षसम्म किन्ने मानिसको अधिकार रहनेछ। त्यस वर्ष पहिलेको मालिकलाई
जमिन फर्काइनेछ। २९ कुनै मानिसले पर्खाल लाएको सहरभित्रको घर बेच्यो
भने बेचेको एक वर्षभित्र सो घर निखन्ने हक त्यसको रहनेछ। ३० तर एक
वर्षभित्र त्यसले घर किनेर फिर्ता लिएछ भने त्यसले घर फेरि किन्ने हक
गुमाउनेछ। घर सधैंको लागि किन्नेको र त्यसका सन्तानको सम्पत्ति हुनेछ।
त्यो त्यसलाई पुनर्स्थापनको वर्षमा पनि फर्काइनेछैन। ३१ तर पर्खाल नलाएका
गाउँ-बस्तीमा भएका घरहरूचाहिँ जमिन बराबर मानिनेछन्। पहिलेको मालिकको
ती निखन्ने हक रहनेछ अनि पुनर्स्थापनको वर्षमा ती त्यसले फिर्ता पाउनेछ।
३२ तथापि लेवीहरूसित भने, आफू बस्नलाई खटाइएका सहरभित्र आफ्ना
सम्पत्ति कुनै पनि समयमा निखन्ने हक रहनेछ। ३३ कुनै लेवीले त्यस्ता
सहरभित्र भएको कुनै घर बेचेको छ र त्यो किनेर फिर्ता लिएको छैन भने, त्यो
घर पुनर्स्थापनको वर्षमा उसलाई फर्काइदिनुपर्नेछ किनभने इस्राएलीहरूको
बीचमा लेवीहरूका सहरभित्र भएका आफ्ना घरहरू तिनीहरूका स्थायी सम्पत्ति
हुन्। ३४ तर लेवीहरूका सहरका चारैपट्टिका गाई-वस्तु चर्ने खर्क कहिल्यै पनि
नबेचिओस्, त्यो सदाकालको लागि तिनीहरूकै सम्पत्ति हो। ३५ *तिम्रो छेउमा*
*बस्ने इस्राएली छिमेकी गरीब भएर आफ्नो पोषण भार थाम्न नसक्ने भयो भने*
*जसरी ज्यामीलाई ज्याला दिन्छौ, त्यसरी त्यसको पनि तिमीहरूले देखभाल*
*गर्नुपर्नेछ र त्यो मानिस तिम्रा छेउमा बसोबास गरिरहन सकोस्। ३६ त्योसित*
*व्याज नलिनू तर परमेश्वरको डर मान र तिम्रा इस्राएली छिमेकी तिम्रा छेउमा*
*बसोबास गरिरहन सकोस्।* ३७ *तिमीले त्यसलाई कर्जा दिएको धनमा व्याज*
*नलिनू र त्यसलाई बेचेको खानेकुरामा नाफा नलिनू। ३८ यो परमप्रभु*
*तिमीहरूका परमेश्वरको आज्ञा हो। उहाँले कनान देश तिमीहरूलाई दिनू अनि*
*तिमीहरूका परमेश्वर बन्न भनी तिमीहरूलाई मिश्रबाट निकाली ल्याउनुभयो।*
३९ *यदि तिम्रा छेउमा बस्ने इस्राएली छिमेकी औधी गरीब भएर आफूलाई तिम्रा*
*कमारा हुनलाई विक्री गर्‍यो भने त्यसलाई कमाराको काम गर्न नलाउनू। ४०*
*त्यो तिमीसित ज्यामीजस्तो भएर बसोस् र अर्को पुनर्स्थापनको वर्षसम्म तिम्रो सेवा*
*गरेर बसोस्।* ४१ त्यस वर्ष त्यो र त्यसका छोरा-छोरीले तिमीलाई छोडेर
आफ्नै परिवार र पुर्ख्यौली सम्पत्ति भएका ठाउँमा फर्कनेछन्। ४२ इस्राएलका
मानिसहरू परमप्रभुका कमारा-कमारी हुन् र उहाँले तिनीहरूलाई मिश्रदेखि
निकाली ल्याउनुभयो। तिनीहरू कमारा-कमारी बन्नलाई बेचिनुहुँदैन। ४३

तिनीहरूसित निष्ठुर व्यवहार नगर्नू तर आफ्ना परमेश्वरको डर मान्नू। ४४ तिमीहरूलाई कमारा-कमारी चाहिन्छ भने तिनीहरूलाई तिम्रा चारैपट्टि भएका जातिहरूबाट किन्नू। ४५ तिमीहरूका माझमा बास गर्ने विदेशीहरूका छोरा-छोरी पनि तिमीहरूले किन्न सक्छौ। तिम्रा देशमा जन्मेका यस्ता बाल-बालिकाहरू तिम्रा सम्पत्ति हुन सक्छन्। ४६ अनि तिनीहरूलाई तिम्रा छोराहरूका हातमा पैतृक सम्पत्तिका रूपमा छोडिराख्न सक्नेछौ। तिनीहरूले आफ्ना जीवनभरि तिम्रा छोराहरूको सेवा गर्नुपर्नेछ। तर तिमीहरूले आफ्ना इस्राएलीहरू छिमेकीहरूसित निष्ठुर व्यवहार नगर्नू। ४७ तिम्रा बीचमा बास गर्ने एउटा विदेशी धनी भयो अनि एउटा इस्राएली दाजु वा भाइचाहिँ गरीब भएर आफैंलाई कमारा बनाई त्यस धनी विदेशी वा त्यसका परिवारका कुनै सदस्यकहाँ बिक्री भयो भने ४८ बिक्री भइसकेपछि पनि कसैले त्यसलाई किनेर छुटाउन सक्छ। कुनै त्यसका दाजु वा भाइ, ४९ मामा वा काका वा साइनोका दाजु वा भाइ वा अरू कुनै नजिकका आफन्तले त्यसलाई किनी फर्काउन सक्छ। अथवा ऊ आफैंले धन कमाएर आफ्नो स्वतन्त्रता किन्न सक्छ। ५० त्यसले आफूलाई किन्ने मानिससित सल्लाह गरेर त्यो बेचिएको समयदेखि आउँदो पुनर्स्थापन वर्षसम्म गन्नुपर्छ र ज्यामीको ज्यालाअनुसार त्यसको छुटकाराको दाम तोकिनुपर्छ। ५१-५३ बाँकी रहेको वर्षको लागि त्यसलाई हरेक वर्ष ज्याला दिएर काम गर्न राखेजस्तो गरेर हिसाब गरी त्यसलाई किनेको दामबाट बाँकी अंश त्यसले फिर्ता दिनुपर्नेछ। त्यसका मालिकले त्योसित निष्ठुर व्यवहार नगरोस्। ५४ यी उपायहरूद्वारा त्यो स्वतन्त्र हुन सकेन भने अर्को पुनर्स्थापनको वर्षमा त्यो र त्यसका छोरा-छोरीहरूले छुटकारा पाउनुपर्छ। ५५ *कुनै इस्राएली सदाकालको निम्ति कमारा रहन सक्दैन किनभने इस्राएलका मानिस परमप्रभुका कमारा-कमारी हुन्। उहाँले तिनीहरूलाई मिश्रबाट निकाली ल्याउनुभयो। उहाँ परमप्रभु तिनीहरूका परमेश्वर हुनुहुन्छ।"*

"समाजमा समानता तथा मेलमिलापको वातावरणको सृजना गर्न र त्यसको संवर्द्धन गर्न परमेश्वरले विशेष नीतिनियमहरूको स्थापना गर्नुभएको थियो। साबातिकल वर्ष वा सातवर्षमा एक वर्ष खेतबाली खालि राख्ने वर्ष र रजत जयन्ती वा पुनर्स्थापनाको वर्षले ती वर्षहरूको बीचमा देशमा हुने वा भएका सामाजिक र आर्थिक असमानतालाई धेरै हदसम्म ठिक पार्ने प्रावधान तर्जुमा गरिएको थियो।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. ५३५बाट रूपान्तरित।

परमेश्वरले तर्जुमा गर्नुभएको ती आर्थिक र सामाजिक लय वा नीतिहरूलाई पूर्णरूपमा इस्राएलीहरूले पालन गरेकि गरेनन् भन्ने विषयमा बाइबलका इतिहासकारहरूको बीचमा मतभेद छ।(यस सन्दर्भमा २ इतिहास ३६:१३-२१मा उल्लेख गरिएको परमेश्वरको मार्गमा नहिँड्दा के भएको थियो भन्ने घट्नालाई मनन गर्नु उचित देखिन्छ "१३ सिदकियाहले नबूकदनेसर राजाका विरुद्धमा विद्रोह गरे। नबूकदनेसरले सिदकियाहलाई परमेश्वरको नाउँमा म राजभक्त रहेछु भनी किरिया खान कर लाएका थिए। उनले ढिट भएर पश्चात्ताप नगरी परमप्रभु इस्राएलका परमेश्वरकहाँ फर्किआउन मानेनन्। १४ त्यसबाहेक यहूदाका अगुवा पूजाहारी र मानिसहरूले आफ्ना चारैपट्टिका जातिहरूले झैं मूर्तिपूजा गरी तिनीहरूका पापी चालमा चले। त्यसरी तिनीहरूले परमप्रभु आफैंले पवित्र गर्नुभएको मन्दिरलाई अपवित्र बनाए। १५ परमप्रभु तिनीहरूका पिता-पुर्खाका परमेश्वरले आफ्ना मानिसहरूलाई चेतावनी दिन अगमवक्ताहरूलाई पठाइरहनुभयो किनभने उहाँले तिनीहरू र मन्दिरलाई बचाउन चाहनुहुन्थ्यो। १६ तर तिनीहरूले परमेश्वरका सन्देशवाहकहरूको हाँसो उडाए, उहाँका वचनको वास्ता गरेनन् र अगमवक्ताहरूमाथि हँस्सी-ठट्टा गरे। अन्तमा आफ्ना प्रजाप्रति परमप्रभुको क्रोध यति ठूलो भयो कि त्यसबाट बाँच्ने केही उपाय रहेन। १७ यसकारण परमप्रभुले तिनीहरूमाथि आक्रमण गर्न बेबिलोनका राजालाई ल्याउनुभयो। त्यस राजाले यहूदाका जवान पुरुषहरूलाई मन्दिरभित्र पनि मारे। उनले युवा, बुढा-पाका, पुरुष-स्त्री, रोगी-निरोगी कसैलाई केही दया देखाएनन्। तिनीहरू सबैलाई परमेश्वरले उनका हातमा दिनुभयो। १८ बेबिलोनका राजाले मन्दिर, मन्दिरका धन-सम्पत्ति र राजा र भारदारहरूका धन-सम्पत्ति सबै लुटेर बेबिलोनमा लगेर गए। १९ उनले मन्दिर र सहर त्यसका सबै महलहरू र धन-सम्पत्तिसहित जलाइदिए र सहरका पर्खाल भत्काई ढालिदिए। २० बाँचेका मानिसहरूलाई उनले बेबिलोनमा लगे र त्यहाँ कमाराहरू भई तिनीहरूले राजा र उनका सन्तानको सेवा गरे। यसरी तिनीहरू फारसका राजा विजयी भएर नआएसम्म बेबिलोनमा रहे। २१ यस प्रकारले परमप्रभुले यर्मिया अगमवक्ताद्वारा दिनुभएको यो अगमवाणी पूरा भयो, "यो देश सत्तरी वर्ष उजाड भइरहनेछ र त्यसरी तिनीहरूले विश्रामको दिन नमानेको समय पूरा हुनेछ।" परमेश्वरले दिनुभएका नीतिहरूलाई संसारले पालन गरे कस्तो हुन्थ्योहोला भन्ने कौतुहलताको झलक हामी कल्पना गर्न सक्छौं। तर जेभएतापनि ती नीतिनिर्देशनहरूले समाजमा पिछडिएका, गरिब, निमुखा, जातभातको नाउँमा

हेपिएका र जनजातिको नाउँमा चेपिएर बसेका मानिसहरूप्रति परमेश्वरले विशेष चासो देखाउनुभएको हामी पाउँछौं। हामीहरूको विश्वमा सामाजिक न्याय र समानता उचित वा न्यायोचित तवरले व्यवहारमा लागु गरियोस् भन्ने परमेश्वरको चाहना हो भनेर उहाँले दिनुभएको नीतिनियमहरूले प्रष्ट पार्दछ।

## उपसंहारः

**थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित "*पाट्रियार्क* एण्ड प्रोफेटसको पृ. ३०३-३१५को "द ल गिभिन टु इस्राएल", पृ. ५३०- ५३६को "गड्स केयर फर द पुओर" पढ्नुहोस्।**

"इस्राएलीहरूलाई परमेश्वरले आफ्नै हौ भनेर पहिचान दिनुभएर दावीगर्नुभएपछि उहाँले मोशामार्फत अत्यन्तै भिन्नै व्यवस्था वा नीतिनियमहरू दिनुभयो जुन् तिनीहरूको दाँजोमा पुग्न लायक अरू कुनै छैन। ती व्यवस्था वा नीतिनियमहरूमा समाजका विपन्न वर्गहरूलाई अत्यन्तै उदार भएर, करुणामय र कोमल भावनाले सत्कार गरियोस् अपेक्षा गरिएको छ। आफ्ना जनहरूलाई परमेश्वरले धेरै आशिष दिनुहुने छ भनेर प्रतिज्ञा गरिएतापनि तिनीहरूको समाजमा पूरै विपन्न वर्गहरू हुनेछैनन् भनिएको छैन। देशबाट गरिब वा विपन्नवर्गहरू कहिल्यै पनि हट्नेछैन भनेर उहाँले घोषणा गर्नुभएको छ। उहाँका जनहरूमा ती मानिसहरू भएको उहाँ अपेक्षा गर्नुहुन्छ जसमा सहानुभूति, कोमलता, उदारता र परोपकारिताले अभिप्रेरित गरेको हुन्छ। अहिलेको जस्तै त्यसबेला पनि मानिसहरू दुर्भाग्य वा दुर्गति, बिमार र धनसम्पत्ति गुमाएर कष्टमय जीवन बिताउन वाध्य भइरहेको हामी पाउँछौं। यद्यपि जबसम्म इस्राएलीहरूले परमेश्वरका निर्देशनहरू पालन गरिरहेका थिए तबसम्म तिनीहरूको बीचमा कुनै मगन्तेहरू थिएनन् र न त कसैले खान पाइनँ भनेर मर्नुपरेको थियो।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. १३१,१३१बाट रूपान्तरित।

"ती नीतिहरू धनीहरूलाईमात्र होइन विपन्नवर्गहरूलाई पनि आशिष दिन तर्जुमा गरिएको थियो। लोभी, धनमा मात्र लालायित हुने, अरूको मोलमा आफ्नो भाऊ खोज्ने प्रवृतिलाई नियन्त्रण गरि उदार र परोपकारिताको भावना जगाई आदर्श व्यक्ति बनाउन ती नीतिहरू दिइएको थियो। सदाचारको भावना जगाएर समाजमा रहेका सबै वर्गहरूको बीचमा विश्वासको वातावरण सृजना गरेर सुव्यवस्थित समाज र सरकारमा स्थायित्व दिन ती नीतिहरू आवश्यक हुन्छन्। हामी सबै ठूलो मानव सञ्जालभित्र बुनिएकाछौं। जब अरूको उत्थान

र हितको निम्ति जे प्रयास गर्छौं त्यसको प्रतिबिम्बले हामीहरू नै आशिषित हुनेछौं।"- एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. ५३४,५३५बाट रूपान्तरित।

**चिन्तनमननः**

अ) **कस्तो खालको समाज हुनुपर्छ भनेर परमेश्वरले मोशा र इस्राएलीहरूलाई नीतिनिर्देशन दिनुभएको थियो। ती नियम र व्यवस्थाहरूमा तपाईंको ध्यान ठ्याक्क कुनमा आकर्षित भएको छ? (विशेष गरेर यस अध्यायमा भएको र तपाईंको आफ्नै अध्ययनमा परमेश्वरका के नीतिहरू छन् जुन मानिसले पालन गरे सबैको हित हुनेछ?)।**

आ) **आफ्ना जनहरूलाई दिनुभएको निर्देशिका वा व्यवस्थाहरूमा परमेश्वरले विपन्न र कमजोरहरूतिर किन ध्यान दिनुभएको हो?**

इ) **वर्तमान परिप्रेक्ष्यमा पौराणिक इस्राएलीहरूलाई दिइएका नीतिनिर्देशनहरूलाई कतिको बुझ्न सक्छौं र कति व्यवहारिक छन्? तिनीहरूमा तपाईंले के रोज्नुहुन्छ जुन व्यवहारिक र सुव्यवस्थित समाजको निम्ति आवश्यक छन्? इस्राएलीहरूको समाज र जीवनलाई व्यवस्थित ढङ्गमा चलाउन परमेश्वरले दिनुभएको ती नीतिनिर्देशनहरूबाट के महत्त्वपूर्ण कुरो हामी सिक्नसक्छौं?**

**सारांशः** जब इस्राएलीहरूलाई इजिप्टका मानिसहरूले शोषण गरिरहेका थिए, थिचोमिचो गरिरहेका थिए, अत्यन्तै कष्टकर जीवन दिइरहेका थिए तब तिनीहरूको रुवाइ परमेश्वरले सुन्नुभयो। तब परमेश्वरले हस्तक्षेप गर्नुभएर तिनीहरूलाई उद्धार गर्नुभयो। तिनीहरूसँग करार बाँधी विशेष सम्बन्ध राख्न परमेश्वरले प्रयास गर्नुभयो। साथै तिनीहरूमार्फत काम गर्नुभएर विशेष समाजको गठन गर्न उहाँले चाहनुभएको थियो जुन समाजमा तिनीहरूमात्र होइन समाजका विपन्न, पिछडिएका, कमजोरी, हेपिएका, विर्सिएका र पाखा लगाइएका मानिसहरूले पनि आशिष पाउन् भन्ने योजना समावेश भएको थियो।

## कथा २
## दुई काला आँखाहरू
## टलिताहोयोटो, वर्ष १९, पपुवा न्यु गिनी

कलेजको होस्टेलमा आफूसँगै बस्ने साथीका दुई आँखाहरू कालो भएकोमा टलितालाई दुःख लाग्यो। "के भयो?" भनेर उनले सोधिन्।

उनको २३ वर्षकी सँगसँगै बस्ने कोठाकी साथी डोरिनले आफ्नो ब्लाउजलाई खोलेर आफ्नो पिठ्युँ देखाइन्। उनको पछाडि घाउनै घाउ थियो। रुँदै डोरिनले भनिन् "मेरो श्रीमान जडयाँहा छन्। उनले मलाई बेस्सरी पिटे!" "त्यसो भए तिमी घर नफर्क" टलिताले सल्लाह दिइन्। तर मौका पाउनासाथ डोरिन् घर फर्कन्थिन्। उनको एक वर्षको छोरालाई उनको सासुले स्याहार्थिन्। पापुवा न्यु गिनीको माउन्ट हेगन भन्ने गाउँमा उनी बस्दथिन्। आफ्नो बच्चालाई नदेख्दा उनलाई एकदम नियास्रो लाग्दथ्यो।

आफ्नो दुःख सहानुभूतिपूर्वक सुनिदिने टलिता पाउँदा डोरिन् ज्यादै आभारी थिइन्। दुवै जना पापुवा न्यु गिनीको कुन्डिवा भन्ने ठाउँको सिम्बु टिचर्स कलेजमा पढ्थे। डोरिनको कलेजबाट उनको गाउँ जान तिन घन्टा लाग्दथ्यो।

"मेरो जीवन दिक्क लाग्दो छ। मैले असल आमा र श्रीमती हुन के गर्नुपर्छ मलाई थाहा छैन" डोरिनले टलितालाई आफ्नो दुःख पोखाइन्। टलिताले उनको दुःखलाई कसरी जवाफ दिने भनेर दोधारमा परिन्, तर उनले आफूलाई पाल्ने आमालाई सम्झिन्। आफ्ना घरहरूमा समस्या भएका महिलाहरू उनीकहाँ आउँथे। अनि उनीसँग सरसल्लाह माग्थे। उनको आमाले तिनीहरूलाई बाइबलबाट नै सरसल्लाह र बुद्धिज्ञानको बारेमा सुनाउँथिन्। "परमेश्वरबाहेक कसैले पनि मानिसलाई परिवर्तन गर्न सक्दैन भनेर मेरी आमाले भन्थिन्। परमेश्वरले नै हामीलाई सृष्टि गर्नुभएको हो र उहाँले नै हाम्रो टुटेको जीवनलाई जोड्न सक्नुहुन्छ" येशूलाई विश्वास नगर्ने डोरिनलाई टलिताले भनिन्। अनि हरेक बिहान प्रार्थना गर्न र बाइबल पढ्न उनले डोरिनलाई सल्लाह दिइन्।

जब टलिता कलेजको आफ्नो कोठाकी साथी बन्न आइन् तब डोरिनले प्रत्येक बिहान उनले आराधना गरेको देखेकी थिइन्। टलिताले बिहान ५ बजे उठेर प्रार्थना गर्ने र बाइबल पढ्ने गरेकी थिइन्। टलिताका आमाबाबु पनि

जड्याँहा थिए र उनलाई सेभेन्थ-डे एडभेन्टिस्ट आमाले पालेकी थिइन् भनेर डोरिनले पनि थाहा पाइन्।

केही दिनपछि जब डोरिन् आफ्नो घरबाट फर्किंदै थिइन् तब टलिताले उनलाई छक्क पार्ने गरि केही कागजहरू दिइन्। त्यसमा टलिताले बाइबलका तिनवटा कथाहरू लेखेकी थिइन्। त्यसमा जीवन नै परिवर्तन भएको सामरी स्त्रीको कथा थियो जुन यूहन्ना ४:१-४२मा लेखिएको छ। २०१७को पहिलो त्रैमासिकको मिशन कथा र बालबालिकाहरूको निम्ति लेखिएको मिशन कथा पनि त्यसमा लेखिएको थियो। "समय भएको बेलामा तिमीले यो पढे पनि हुन्छ" भनेर टलिताले त्यो कागज डोरिनको हातमा राखिदिइन्।

डोरिनले ती कथाहरू मनपराइन् र अरू कथाहरू पढ्नको निम्ति चासो व्यक्त गरिन्। आफ्नो जड्याँहा बुबाले प्रभुलाई विश्वास गरून् भनेर आग्रह गर्दा पनि नमान्ने भएपछि उनको निम्ति वर्षभरि प्रार्थना गरेको टलिताले उनलाई सुनाइन्। अनि उनी प्रार्थनामा लागि नै रहिन् र काममा धोखा दिएकोले उनलाई जेलमा हालेको, त्यहाँ परमेश्वरलाई विश्वास गरेको र उनी छुटेपछि संगसंगै चर्चमा जाने चाहना व्यक्त गरेको पनि डोरिनलाई सुनाइन्। "यदि परमेश्वरले मेरो बुबालाई परिर्तन गर्नुभयो भने तिम्रो श्रीमानलाई पनि परिवर्तन गर्न सक्नुहुन्छ!" टलिताले आश्वस्त पार्दै भनिन्।

टलिताको कथाले डोरिनको हृदय छोयो, अनि आफ्नो श्रीमानको निम्ति दिनदिनै प्रार्थना गर्न थालिन्। एक बिहान टलिता ५ बजे उठ्दा उनको कोठे साथी पनि बिहानै उठेर प्रार्थना गर्न लागेकी देखिन्। त्यसबेला उनी अत्यन्तै खुशी भइन्।

दुई महिना पछि डोरिनकी सासूले उनलाई अचम्मको समाचार सुनाइन्। डोरिनको श्रीमानले उनको जीवनभर कहिल्यै पनि बगैंचामा काम गरेको थिएन। कहिल्यै पनि कुटो कोदालो चलाएको थिएन। तर अहिले आफैले बारी खनेर आफ्नै बगैंचा उनले बनाए रे भन्ने खबर आफ्नो बुहारीलाई सुनाइन्। "आमा के तपाईं ठट्टा गर्दै हुनुहुन्छ?" डोरिनले सोधिन्। "तिमी आफै आएर हेर" उनकी सासूले जवाफ दिइन्।

अर्को पल्ट जब डोरिन घरमा गइन् तब उनी आफैले बगैंचा हेरिन्। उनको श्रीमानले उनलाई र परिवारको रेखदेख पहिलो पल्ट गर्न थालेको थाहा पाइन्। उनले रक्सी खान छोडे। गाउँमा कसैले पनि उनको परिवर्तनको बारेमा पत्याएनन्।

कलेजको होस्टेलमा आएपछि टलितालाई अङ्गालो मार्दै डोरिनले धन्यवाद दिइन्। "परमेश्वरको जय होस्! परमेश्‌वरले काम गरिरहनुभएको छ" टलिताले खुशी व्यक्त गर्दै भनिन्।

एक वर्षपछि डोरिनको घरमा हरेक विहान परमेश्वरको आराधना गर्न थालियो र उनको श्रीमान् पनि चर्चमा जान थाले। श्रीमान्ले उनलाई पिट्न पनि छोडे र उनका आँखा फेरि कहिल्यै काला भएनन्।

"अब म खुशी आमा भएकी छु र खुशी श्रीमान्को श्रीमती पनि भएकी छु" डोरिनले भनिन्।

टलिताबाट परमेश्वरको बारेमा थाहा पाउने धेरै मानिसहरूमध्ये डोरिन पनि एक हुन्। उनी १९ वर्षकी मात्र छिन्। येशू र उहाँको दया तथा धार्मिकताको बारेमा सुनाउन पाउँदा उनी धेरै रमाउँछिन्।

"मलाई पाल्ने आमाले सानैदेखि येशूको उपासक बन्नुपर्छ भनेर मलाई सिकाएकी थिइन्। त्यस्ती खालको आमा मैले पाएकोमा म परमेश्वरलाई सधैं धन्यवाद दिन्छु। म जहाँ गएपनि येशूको बारेमा म सुनाउँछु। जब संसारमा भइरहेका घट्नाहरूको बारेमा हामी चर्चा गर्छौं तब म भन्छु 'यसैले येशू छिट्टै आउनुहुन्छ भनेर देखाउँछ।' हामी परमेश्वरमा विश्वासिलो भएर येशूको आगमनको आशामा बाँचिरहनुपर्छ" हँसिलो भएर टलिताले यी लेखकलाई सुनाइन्।

*-आन्द्रु मेकचेस्ने*